# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## दिपायल सिलगढी नगरपालिका

डोटी





**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## दिपायल सिलगढी नगरपालिका
## डोटी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## दिपायल सिलगढी नगरपालिका

## डोटी

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५३०

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यु,
दिपायल सिलगढी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
डोटी।

**कैफियत सहितको राय**

हामीले **दिपालय सिलगढी नगरपालिकाको** आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.३ करोड ३० लाख ९१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.३ लाख ४४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ७१ लाख ८२ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ५५ लाख २९ हजार र पेश्की रू.३६ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रू.२ करोड ६६ लाख ७५ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रू.४ करोड ९३ लाख ६२ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।**
३. गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

दिपालय सिलगढी नगरपालिका, डोटी

## १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६५ | २० | ३३०९१ | ० | ० | ० | ६५ | २० | ३३०९१ | ३४४ | १५५२९ | १७१८२ | ० | ० | ३२७११ | ३६ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| दिपायल सिलगढी नगरपालिका, डोटी | २६६७५ | ० | १०४०४ | १६२७१ | ० | ३३०९१ | ४९३६२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : दिपायल सिलगढी नगरपालिका, डोटी , दिपायल सिलगढी नगरपालिका , डोटी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Chhatra Bahadur Shah | २०७८-११-१५ | |
| कार्यालय प्रमुख | Shankar Suchikar | २०७९-१-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भक्त राज भट्ट | २०७७-१२-२५ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३३,०९०,७९६.६९ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ९,२०,५२,४३३.९१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७,४१,९६,२४२.८८ | **चालु खर्च** | ३३,६३,१२,८१३.५१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,२९,०४,५४० | **पूँजीगत खर्च** | १८,१०,९३,७६२ |
| **राजश्व बाँडफाँट** | ९,६४,१५,९९३.९७ | **वित्तीय/अन्य व्यवस्था** | १६,५५,८६,९७८.७६ |
| **आन्तरिक आय** | १,३९,६६,११४.७८ | | |
| **अन्य आय** | १६,७४,२९,६८२ | | |
| **कुल आय** | ६७,४९,१२,५७३.६३ | **कुल खर्च** | ६८,२९,९३,५५४.२७ |
| **बाँकी मौज्दात** | | ८,३९,७१,४५३.२७ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|
| १ | | | **परिचयः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृण गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्धेश्यले यस दिपायल सिलगढी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता सहअस्तित्व र समन्वलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्धेश्य हो । सुदूरपश्चिम प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत ३२९४१ जनसंख्या र ९ वटा वडा रहेका छन्। भने ७३.१२ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ। | |
| २ | | | **सञ्चित कोषको अवस्था**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले पेश गरेको वित्तीय विवरण अनुसार प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानिय सरकार सञ्चालनमा भएका आय व्यय हिसाव (सूत्रबाट प्राप्त वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ ) बमोजिम आर्थिक वर्ष २०७८।७९ को कोषको संक्षिप्त अवस्था निम्नानुसार रहेको छ । | |

| **वित्तीय प्रतिवेदन** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **आ.व.२०७८/७९अवधी २०७८/०४/०१-०७९/०३/३२ म.ले.प. फा .नं. २७२** | | | | | | | |
| प्राप्ती भुक्तानी हिसाव | | | | | | | |
| **विवरण** | **टिप्पणी** | **यस वर्ष रु.** | | | **गतवर्ष रु.** | | |
| | | **बजेट** | **आफैले गरेको प्राप्ति/भुक्तानी** | **जम्मा** | **आफैले गरेको प्राप्ति/भुक्तानी** | **वस्तुगत/सोझै भुक्तानी** | **जम्मा** |
| **प्राप्ती (क+ख)** | | **६०,३५,११,३१०.१५** | **५४,१०,००,५६९.७६** | **५४,१०,००,५६९.७६** | **५१,७९,१०,५०४.९८** | **१०,१८,५३०** | **५१,८९,२९,०३४.९८** |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५७,१८,०३,५०० | ५०,७४,८२,८९१.६३ | ५०,७४,८२,८९१.६३ | ४८,४१,५३,३४०.४१ | १०,१८,५३० | ४८,५१,७१,८७०.४१ |
| ११००० कर | ११ | ९,८४,४५,००० | ९,८५,९०,८५९.२७ | ९,८५,९०,८५९.२७ | ९,१२,६१,३४७.६४ | ० | ९,१२,६१,३४७.६४ |
| १३००० अनुदान | | ४६,३२,०६,००० | ३९,७१,००,७८२.८८ | ३९,७१,००,७८२.८८ | ३८,६२,६५,११९.९१ | १०,१८,५३० | ३८,७२,८३,६४९.९१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संघीय सरकार | १२ | ४२,१८,३२,००० | ३७,४१,९६,२४२.८८ | ३७,४१,९६,२४२.८८ | ३६,०३,८३,०००.०४ | १०,१८,५३० | ३६,१४,०१,५३०.०४ | |
| | | | प्रदेश सरकार | १२ | ४,१३,७४,००० | २,२९,०४,५४० | २,२९,०४,५४० | २,५८,८२,११९.८७ | ० | २,५८,८२,११९.८७ | |
| | | | १४००० अन्य राजस्व | | १,०१,२७,५०० | ९०,८७,२२०.४८ | ९०,८७,२२०.४८ | ६६,११,४०२.८६ | ० | ६६,११,४०२.८६ | |
| | | | १५००० विविध प्राप्ति | | २५,००० | २७,०४,०२९ | २७,०४,०२९ | १५,४७० | ० | १५,४७० | |
| | | | **ख. अन्य प्राप्ति** | | **३,१७,०७,८१०.१५** | **३,३५,१७,६७८.१३** | **३,३५,१७,६७८.१३** | **३,३७,५७,१६४.५७** | | **३,३७,५७,१६४.५७** | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | |
| | | | कोषहरु | | ३,१७,०७,८१०.१५ | ३,११,५५,२९०.१३ | ३,११,५५,२९०.१३ | ३,२०,१३,२१२.५७ | ० | ३,२०,१३,२१२.५७ | |
| | | | धरौटी | | ० | २३,६२,३८८ | २३,६२,३८८ | १७,४३,९५२ | ० | १७,४३,९५२ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | |
| | | | **भुक्तानी (ग+घ)** | | **६७,९७,०२,३१०.१५** | **५३,६८,४३,४३४.२७** | **५३,६८,४३,४३४.२७** | **४८,८८,७०,६१९.४९** | **१०,१८,५३०** | **४८,९८,८९,१४९.४९** | |
| | | | **ग. भुक्तानी (सञ्चित कोषबाट)** | | **६४,७९,९४,५००** | **५१,७४,०६,५७५.५१** | **५१,७४,०६,५७५.५१** | **४७,२८,६६,२७०.२४** | **१०,१८,५३०** | **४७,३८,८४,८००.२४** | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ६,६३,१२,००० | ५,३५,५६,०२९.९७ | ५,३५,५६,०२९.९७ | १४,६७,३३,११७.२६ | ० | १४,६७,३३,११७.२६ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,७२,८०,२०० | १०,८५,६७,३२९.३६ | १०,८५,६७,३२९.३६ | ९,५५,४६,५६०.०८ | ४,६८,५३० | ९,६०,१५,०९०.०८ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | १५,८४,२६,००० | १५,०७,६७,६४१.१८ | १५,०७,६७,६४१.१८ | ३,९६,९५,६२१ | ० | ३,९६,९५,६२१ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ३,४२,४४,००० | २,२२,३२,३१३ | २,२२,३२,३१३ | ३,३९,१९,७४१ | ० | ३,३९,१९,७४१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८००० अन्य खर्च | १८ | १४,४०,८०० | ११,८९,५०० | ११,८९,५०० | ५,८५,३०० | ० | ५,८५,३०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २६,०२,९१,५०० | १८,१०,९३,७६२ | १८,१०,९३,७६२ | १५,६३,८५,९३०.९० | ५,५०,००० | १५,६९,३५,९३०.९० |
| **घ. अन्य भूक्तानी** | | **३,१७,०७,८१०.१५** | **१,९४,३६,८५८.७६** | **१,९४,३६,८५८.७६** | **४८,८८,७०,६१९.४९** | **१०,१८,५३०** | **४८,९८,८९,१४९.४९** |
| कोषहरु | | ३,१७,०७,८१०.१५ | १,७८,८७,६९८ | १,७८,८७,६९८ | १,५३,९३,८८६.४६ | ० | १,५३,९३,८८६.४६ |
| धरौटी | | ० | १५,४९,१६०.७६ | १५,४९,१६०.७६ | ६,१०,४६२.७९ | ० | ६,१०,४६२.७९ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० |
| **ङ. यो वर्षको बचत (न्युन)** | | **(७,६१,९१,०००)** | **४१,५७,१३५.४९** | **४१,५७,१३५.४९** | **२,९०,३९,८८५.४९** | | **२,९०,३९,८८५.४९** |
| **च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)** | | | **७,९८,१४,३१७.७८** | **७,९८,१४,३१७.७८** | **६,७३,९३,७५८.४०** | | **६,७३,९३,७५८.४०** |
| **वर्षान्तको बाकी रकम (ङ + च)** | | **(७,६१,९१,०००)** | **८,३९,७१,४५३.२७** | **८,३९,७१,४५३.२७** | **९,६४,३३,६४३.८९** | | **९,६४,३३,६४३.८९** |
| **बैंक तथा नगद बाकी** | २४ | | **८,३९,७१,४५३.२७** | **८,३९,७१,४५३.२७** | **९,०३,८३,६४३.८९** | | **९,०३,८३,६४३.८९** |

**पालिकाको सूत्रबाट तयार भएको संचितकोषको आय व्यय विवरणमा देहायका व्यहोराहरु देखिएका छन्:**

(क) प्रणालीको शुरु मौज्दात : सूत्रले गत वर्षको अन्तिम मौज्दात र यो वर्षको शुरु मौज्दात बरावर देखाएको हुनु पर्दछ ।तर सूत्रले गत बर्षको मौज्दात रु.९६४३३६४३.८९ देखाएकोमा यो वर्षको शुरु मौज्दात रु. ७९८१४३१७.७८ देखाएकोले सूत्रले रु. १६६१९३२६.११ घटी जिम्मेवारी सारेको देखियो ।पालिकाले यसको कारण उल्लेख गरेको छैन । अतः कारण उल्लेख गरी स्पष्ट गरी यसमा सुधार गर्नु पर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>(ख) कार्य सन्चालन कोष तर्फ : पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणले कोष तर्फको खर्च रु. ८६८७६९८ देखाएकोमा सूत्रको विवरणले रु. १७८८७६९८ देखाएकोले रु. ९२००००० फरक परेको छ ।पालिकाले यसको कारण उल्लेख गरेको छैन । अतः कारण स्पष्ट गरी सुधार गर्नु पर्दछ ।<br>(ग) राजश्व : सूत्र प्रणालीले राजश्व खातामा दाखिला गरेको रकम उल्लेख गरेको देखिएन।<br>(घ) आर्थिक विवरणको यथार्थताः सूत्रले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) ले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको हुनु पर्दछ ।तर सूत्र प्रणालीमा कोष तथा लेखा नियन्त्रक कार्यालयको सिग्यास प्रणालीबाट हुने आम्दानी र खर्चका कारोवारहरुलाई सूत्रमा समावेश नगरेको कारणले सूत्रबाट तयार भएको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं. २७२) ले पालिकाको यथार्थ अवस्थाको चित्रण गर्न सक्दैन ।अतः पालिकाबाट हुने सवै प्रकारका आर्थिक कारोवारहरुलाई सूत्रमा समावेश गरी यसमा सुधार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>पेस्की बाँकीः<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०६७ को नियम ४७ मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले २१ दिनभित्र फर्छ्यौट भै सक्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार कामको लागि पेश्की दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्कि फर्छ्यौट हुन नसकी पेश्की बाँकीको विवरण कायम गरेको छ। पेश्की बाँकीको विवरण (म।ले।प।फा।नं। २११) अनुसार पेश्की फर्छ्यौट हुनुपर्ने रु
<table>
<tr><td>भौ।नं।मिति</td><td>पेश्की लिनेको नाम</td><td>योजना विवरण</td><td>म्याद नाघेको रकम</td></tr>
<tr><td>९१९।३।२३</td><td>किशोर नेपाली</td><td>बिमा तथा नवीकरण</td><td>५८००</td></tr>
<tr><td>९५६।३।२४</td><td>विक्रम खड्का</td><td>सार्वजनिक सुनुवाई कार्यक्रम</td><td>३००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>३५८००</td></tr>
</table></td><td>३५,८००</td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता<br>कार्यालयले स्थानीय तहमा प्राप्त हुने सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम, पूर्वाधार विकास साझेदारी कार्यक्रम, लगायत सम्पूर्ण कार्यक्रमहरुलाई समेटी समावेश गरी वित्तीय प्रतिवेदन (म.ले.प.फा.न. २७२ ) तयार गर्नु पर्नेमा गरेको छैन । पालिकाको पर्यटन पूर्वाधार विकास कार्यक्रम र सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रममा भएको आम्दानी खर्च रु. १४६१५०१२०।- लाई म.ले.प.फा.न. २७२ मा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नसमेटेको कारणबाट पालिकाको वितिय विवरण यथार्थ देखिएन । अतः कार्यालयमा प्राप्त हुने सम्पूर्ण कार्यक्रमहरुको आम्दानी खर्चलाई सुत्रमा समावेश गरी वित्तीय विवरणलाई यथार्थ बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>खर्च शिर्षक<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्ने र दफा ६९ मा तोकिएअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ ।स्थानीय सरकार संञ्चालन ऐन २०७४ को नियम ७२ (२) अनुसार नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्यको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धि व्यवस्था अवलम्वन गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार लेखाङ्कन गरेको पाईएन । ऐनले तोकेबमोजिमका वित्तिय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>चौमासिक खर्च<br>कार्यालयले चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा यस वर्ष सञ्चालन गरेका स्थानीय स्तर जिल्ला स्तरीय तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिम तोकिएको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने कर्मचारीहरुलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><td>कार्यक्रम योजना संख्या</td><td>यस वर्ष खर्च</td><td colspan="5">वार्षिक प्रगति स्थिति</td></tr>
<tr><td></td><td></td><td>शून्य प्रगति</td><td>२५प्रतिशत सम्म प्रगति</td><td>५० प्रतिशत सम्म प्रगति</td><td>७५ प्रतिशत सम्म प्रगति</td><td>७५ प्रतिशत भन्दा माथि</td></tr>
<tr><td>७३९</td><td>५१७४०६</td><td>६८</td><td>८</td><td>१४</td><td>२१</td><td>६२८</td></tr>
</table></td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>क्षेत्रगत खर्च<br>स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको आ।ब। २०७८।०७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><td>क्र।सं।</td><td>क्षेत्र</td><td>बजेट</td><td>खर्च</td><td>खर्च प्रतिशत जम्मा खर्चको तुलनामा</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>३८३०३०००</td><td>३२६७६७०८</td><td>८५।३१</td></tr>
<tr><td>२</td><td>पुर्वाधार विकास</td><td>१२२९२००००</td><td>७६९६११३२</td><td>६२।६१</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>३७१४८१०००</td><td>३०९०९५४८३</td><td>८३।२१</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>१३३३३८००</td><td>९६३६५४४</td><td>७२।२७</td></tr>
<tr><td>५</td><td>कार्यालय संचालन तथा प्रशासनिक</td><td>१०१९५६७००</td><td>८९०३६७०७</td><td>८७।३३</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी कार्यालय संचालन तथा प्रशासनिक मा ८७।३३ र सबै भन्दा कम पुर्वाधार विकासमा ६२।६१ प्रतिशत खर्च भएको छ ।मध्यकालीन खर्च संरचना तयार गरी दिगो विकासका लक्ष्यहरुको संकेतिकरणको आधारमा बजेट कोडिङको व्यवस्था गरी बजेट व्यवस्थापनलाई सन्तुलित र आवधिक योजना सँग आबद्ध गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारीः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा २०७८।०३।१० गते रु.५७ करोड ४८ लाख ७५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७८।०३।२२ मा पारित भएको छ।यसैगरी स्थानीय तह प्रमुखले २०७८।०४।०२ मा प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।</td><td></td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>बजेट सीमा निर्धारण समितिः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ ।उक्त समितले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुण महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगमी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगमी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समति गठन गरेको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धि नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८.३ | | | **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगमी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपुरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगमी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, कार्यक्रमबीच परिपुरकता कायम गरेको समेत नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ८.४ | | | **नगरपालिकाले** स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः | |

| क्र।सं। | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | ३३६३१२ | ७३४५२ | ९०२३१ | १७२६२९ | १०९६८९ |
| २ | पुँजीगत खर्चतर्फ | १८१०९३ | ५८१४ | ४३५२५ | १३१७५३ | ७७७२७ |
| | जम्मा | ५१७४०६ | ७९२६६ | १३३७५७ | ३०४३८२ | १८७४१६ |
| | खर्च प्रतिशत | १०० | १५।३२ | २५।८६ | ५८।८२ | ३६।२२ |

नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार कुल बजेट ६४७९९४५०० मध्ये रु ५१७४०६५७५ कुल खर्च भई बजेट को ७९।८४ प्रतिशत खर्च भएको देखिन्छ। खर्च मध्ये प्रथम चौमासिकमा १५।३२ प्रतिशत दोस्रो चौमासिकमा २५।८६ तेस्रो चौमासिकमा ५८।८२ प्रतिशत र आषाढ महिनामा मात्र ३६।२२ प्रतिशत खर्च भएको देखिन्छ। यसरी आषाढमा आएर खर्चको चाप बढेको देखिनुले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.५ | | | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी माग र आवश्यकताका आधारमा ठुला योजनाछनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्ः<br><br>सि।नं। \| योजना विवरण \| संख्या<br>१ \| रु १ लाखसम्म \| २१९<br>२ \| रु १ लाखदेखि २ लाखसम्म \| १६९<br>३ \| रु २ लाखदेखि ५ लाखसम्म \| २५७<br>४ \| रु ५ लाखदेखि १० लाखसम्म \| ५८<br>५ \| रु १० लाखदेखि ५० लाखसम्म \| २६<br>६ \| ५० लाख भन्दा बढी \| १०<br>जम्मा \| \| ७३९ | |
| ९ | | | **राजश्व फारामको प्रयोग**<br>पालिकाले आवश्यकता अनुसार मलेप फाराम नं १०१ देखि ११५ को प्रयोग गरी राजश्व आम्दानी तथा दाखिलाको अभिलेख राख्नु पर्नेमा सो अनुसार अभिलेख राखेको देखिएन । साथै पालिकाले रसिद नियन्त्रण खाता राखे पनि म.ले.प. फा. नं. ९०४ बमोजिमको ढाचामा राखेको छैन । अत : पालिकाले तोकिएका म.ले.प. फा. नं. हरु प्रयोग गरी राजश्व आम्दानी र दाखिलाको अभिलेख राख्नु पर्ने देखिन्छ । | |
| १० | | | **खरिद कार्यको अभिलेख** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>ठेक्काको लगत- पालिकाले ठेक्काबाट भएको कामको अभिलेख म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्दछ । पालिकाले उक्त म.ले.प.फा.न अनुसार ठेक्काको लगत राखेको देखिएन । ठेक्काको लगत अभिलेख राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>खरिद कार्वाहीको अभिलेख- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्नेमा सो बमोजिम अभिलेख व्यवस्थित गरी राख्नु पर्नेमा आंशिक मात्र राखेको देखिएकोले नियमावलीको व्यवस्थानुसार राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>विद्यालयको शैक्षिक सुधार, अनुगमन मापदण्ड</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>विद्यालय अनुगमन नियमन : कार्यालयले विद्यालय अनुगमनको मापदण्ड निर्धारण गर्नु पर्ने, निर्धारीत मापदण्ड बमोजिम अनुगमन गर्नु पर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नु पर्नेमा उक्त मापदण्ड निर्धारण गरेको देखिएन । अतः उक्त मापदण्ड निर्धारण कार्यान्वयन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>११.२</td><td></td><td></td><td>निजी विद्यालय व्यवस्थाप अनुगमन नियमन :कार्यालयले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नु पर्ने, निर्धारीत मापदण्ड बमोजिम अनुगमन गर्नु पर्ने, निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको नगरेको,शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन अनुगमन गर्नु पर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नु पर्नेमा उक्त मापदण्ड निर्धारण गरेको देखिएन । अतः उक्त मापदण्ड निर्धारण कार्यान्वयन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>११.३</td><td></td><td></td><td>सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर: कार्यालयले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाउनु पर्ने, निर्धारीत मापदण्ड बमोजिम अनुगमन गर्नु पर्ने, अनुगमन गरे अनुगमन मूल्यांकन प्रतिवेदन तयार गर्नु पर्ने र अनुगमन गरी तयार गरेको प्रतिवेदन सार्वजनिक गर्नु पर्नेमा उक्त गुणस्तर मापनको मापदण्ड नै बनाएको देखिएन । अतः उक्त मापदण्ड बनाई कार्यान्वयन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>अनुत्पादक तथा वितरणमुखी खर्च:<br>सार्वजनिक स्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक तथा वितरणमुखी प्रयोजनमा खर्च गरेको देखिन्छ। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ। केही उदाहरणहरु:
<table>
<tr><th>सि।नं।</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>कालु सिंह महता</td><td>तीज गीत कार्यक्रम</td><td>४८७५०</td></tr>
<tr><td>२</td><td>योगदान राष्ट्रका लागि</td><td>सांस्कृतिक कार्यक्रम</td><td>२५००००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३ मलासी जनरल स्टोर — पुजाआजा कार्यक्रम — ७२१२०<br>४ सामुदायिक वन उपभोक्ता महासंघ — व्यवस्थापन खर्च — ३०००००<br>५ नारीदाङ्ग त्रिवेणीधाम धार्मिक महोत्सव डोटी — महोत्सव खर्च — ३८००००<br>६ हाम्रो आफ्नो ट्रेड एण्ड सप्लायर्स — बाजा खरिद — ४९९०००<br>जम्मा — १५४९८७० | |
| १३ | | | **विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष नगरपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्था समेतमा विविधतर्फ मात्र रु १४ लाख ९० हजार ७ सय ५५ खर्च गरेको छ । नगरपालिकाले बैठक तथा अन्य क्रियाकलाप सञ्चालनार्थ बिबिध खर्च लेख्दा उपस्थिति , कार्यक्रमको पुष्टयाई लगायतका बिबरण तथा बैठक तथा कार्यक्रम संचालनको लागि लागत अनुमान तयार गरी खर्च लेख्नुपर्दछ । नगरपालिकाले बिबिध बैठक तथा कार्यक्रम संचालनार्थ खर्च भएको उल्लेख गरी खर्चको पुष्टयाई बेगर केवल बिल भरपाई मात्र संलग्न गरी बिबिध शीर्षकबाट खाजाखाना बापतको खर्च लेखेको छ । यसरी खर्च लेखेबाट बास्तबिक रुपमा खर्च भएको हो होइन यकिन गर्ने आधार भएन । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ । | |
| १४ | | | **आर्थिक सहायताः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानिय तहको रकमबाट आर्थिक सहायता चन्दा पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन । तर पालिकाले यस वर्ष रु. १०,००,००० विनियोजन गरी रु. २,००० देखि १०,००० सम्म आर्थिक सहायता वापत रु. ८,५९,००० वितरण गरेको देखिएको छ। संघ तथा प्रदेशबाट प्राप्त अनुदान रकमबाट आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १५ | | | **कानुन निर्माण तथा कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार पालिकाले हालसम्म१४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वटा ऐन, ५ वटा नियमावली, १५ कार्यविधि र ६ वटा निर्देशिका निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।यसप्रकार पालिकाले कानूनहरु निर्माण गरी सभा कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| १६ | | | **न्यायिक समितिः**<br>स्थानीय सरकार सञ्चालनऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्यायसम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी उजुरी २ रहेकोमा यो बर्ष १२ गरी कुल १४ विवाद दर्ता भएकोमा १२ वटा मात्र फछ्यौट भई बाँकी २ भएको पालिकाबाट प्राप्त विवरणमा उल्लेख भएको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी प्रभावकारी ढंगबाट न्यायसम्पादन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| १७ | | | **कोभिड खर्च** | |
| १७.१ | | | कार्यालयले कोभिड तर्फ छुट्टै कोष नराखी प्रकोप व्यवस्थापन कोषबाट खर्च लेखेको छ । प्रकोष व्यवस्थापन कोषमा गत वर्षको मौज्दात रकम रु. ३९६२०३८।०३ भएकोमा यस वर्ष रु. २४७४९६४।– खर्च भई रु. १४८७३४४।०३ बाकी रहेको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्न छन् : | |
| १७.२ | | २०७८-६-२२ | **गत विगतको भुक्तानी**: आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा गत वर्षको दायित्व भुक्तानी दिन बांकी भएमा उचित र पर्याप्त कारण खोली भुक्तानी दिन बांकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ । कार्यालयले आ.व. २०७६।०७७ को असार १५ देखि र आ.व. २०७७।०७८ भाद्र १२ सम्मको दुर्गा मा.वि., पदम मा.वि., पिंगलेश्वर स्वास्थ्य केन्द्र र मगलेक मा.वि. केन्द्रको क्वारेन्टाइन व्यवस्थापन खर्च भनि २०७८।९।९ सम्मको दाल, चामल, नून तरकारी ,विस्कुट मसला आदि खरिद भनि रु. १०२९४६६।- खर्च लेखेको छ । कार्यालयले उक्त रकम गत विगत वर्षमा भुक्तानी हुन नसक्नुको कारण उल्लेख नगरेको, भुक्तानी दिन बांकीको प्रमाणित विवरण पेश नगरेको र उल्लेखित मितिमा उक्त क्वारेन्टाइनमा बसेका व्यक्तिहरुको क्वारेन्टाइन केन्द्रमा खटिएका इन्चार्जबाट प्रमाणित दैनिक हाजिरी विवरण र निजहरुको कोभिड परीक्षण रिपोर्टको प्रमाण समेत पेश नभएकोले उक्त प्रमाणहरु पेश गरी नियमित गर्नुपर्ने देखिएकोरु.<br>**क्रम** \| **कर्मचारीको/फर्म/संगठन नाम** \| **असुली रकम**<br>१७.२.१ \| विभिन्न विल \| १०,२९,४६६ | १,०२९,४६६ |
| १८ | | | **आन्तरिक नियन्त्रण पद्धतिः** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>· स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>· पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोबारको अनुसूची १४ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मुल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br><br>· पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· सहायक जिन्सी खातामा कर्मचारी तथा पदाधिकारीले प्रयोग गरेको सवारी तथा अन्य जिन्सी सामाग्रीहरुको सम्बन्धित व्यक्तिले बुझिलिएको दस्तखत गरेको र अवकाश वा सरुवा भएका कर्मचारीले फिर्ता गरेका मालसमान हाल कुन अवस्थामा भएको वा अन्य कुनै कर्मचारीलाई पुनः प्रयोगका लागि बुझाएको भन्ने रेकर्ड व्यवस्थित रुपमा राखेको पाइएन ।<br>· कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, २०६४को नियम७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयारगर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिकसंरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>• सामाजिक सुरक्षा भत्तावितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्तालिन चाहेमा दफा ९बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनुसूची २ को ढाँचा बमोजिम उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्तदिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको<br>• सामाजिक सुरक्षा वितरणभत्ता कार्यविधि, २०७७ को परिच्छेद ७ को दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२ (२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको।<br>• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>· वातावरण संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको<br>· सुशासन व्यवस्थापन तथा संचालन नियमावली २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>· निजामति सेवा ऐन २०४९ बमोजिम कार्य विवरण लागु गरेको पाईएन।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |
| १९ | | | **तलबी प्रतिवेदन पारित नभएकोः**<br>निजामति सेवा ऐन, २०४९ को दफा ७ (ख) वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० को मिति २०७६।५।१८ को पत्र अनुसार नेपाल सरकार माननीय मन्त्रिस्तरको निर्णय बमोजिम स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने निर्देशन भएको र कार्यालयले तलवी प्रतिवेदन पास गर्नका लागि कोष तथा लेखा नियन्त्रका कार्यालयमा पेश गरेको भएतापनि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पास गरेको देखिएन । यस वर्ष पालिकाले तलबी प्रतिवेदन पास नगरी वर्षभरीमागाउँपालिकातर्फरु.२ करोड ८९ लाख र स्वास्थ्य शशर्ततर्फ रु ३ करोड ५० लाख खर्च गरेको देखियो। जिम्मेवार निकायले तलबी प्रतिवेदन पास गर्नेतर्फ ध्यान दिनुपर्छ । | |
| २० | | | **सेवा प्रवाहः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष घर नक्सा पास १०, विवाह दर्ता ३४८, सम्बन्ध विच्छेद २, जन्म दर्ता १७६६, मृत्यु दर्ता ३०९ र वसाईसराई **१११** दर्ता गरेकोमा पालिकाले पञ्जिकरण दर्ता तथा सिफारिस सम्वन्धमा व्यवस्थित अभिलेख राखेको पाइएन। पालिकाले ऐन वमोजिम सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |
| २१ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४७ दरबन्दी स्वीकृत रहेकोमा समायोजन सहित कुल दरबन्दी ९२ रहेकोमा लेखापरीक्षण अवधिसम्म ७४ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, प्रशासन अधिकृत, लेखा अधिकृत इन्जिनियर सहित १८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम कर्मचारी व्यवस्थापन नहुँदा विषयगत कार्यक्रम सञ्चालन सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २२ | | | **सेवा करारः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्लयालय कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १०५ जना कर्मचारीहरु पालिकामा करारमा राखी रु.१ करोड ८७ लाख ९३ हजार खर्च लेखेको छ । | |
| २३ | | | **वडा सचिव दरबन्दि र पदपूर्तिः**<br>पालिका अन्तर्गतका ९ वडा कार्यालबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भुमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ। यस पालिकामा वडासचिवको दरबन्दी रिक्त रहेको छैन।<br><table><tr><td>वडा संख्या</td><td>वडा सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr><tr><td>९</td><td>९</td><td>९</td><td>०</td></tr></table> | |
| २४ | | | **जग्गा खरिद** | |
| २४.१ | | | **सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग**- नगरपालिकाले नगरभित्र रहेका सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख अद्यावधिक राख्नु पर्ने, सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्ने, संरक्षण र उपयोग नीति तथा मापदण्डको पालना भएको छ, छैन अनुगमन गर्नु पर्ने तथा संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गरी अतिक्रमण भए कारवाही गरी सम्पत्तिको संरक्षण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।नगरपालिकाले निम्नानुसा्को परियोजनाको लागि जग्गा खरिद गर्दा देखिएका व्यहोराहरु यस प्रकार छन् :<br>क). **जग्गा खरिद-** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५।२।१३ को परिपत्र अनुसार स्थानीय तहले कुनै परियोजना वा भवन निर्माणको लागि आवश्यक जग्गा प्राप्ति गर्दा मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था, साविकको स्थानीय निकाय वा | १२,९९८,८३५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सरकारी निकायको नाममा रहेको जग्गा वा अन्य कुनै जग्गा निशुल्क रुपमा लिने प्रकृयालाई प्रार्थमिकतामा राखि प्रयास गरेको र सो बमोजिम आवश्यक जग्गा उपलव्ध हुन नसकेको व्यहोरा खुल्ने प्रमाण कागजात संलग्न हुनुपर्ने र कार्यपालिका तथा नगरसभा बैठकको निर्णयबाट श्रोतको सुनिश्चितता गरी जग्गा प्राप्ति ऐन, २०३४ तथा सरकारी जग्गा दर्ता वा लिजमा उपलव्ध गराउने सम्वन्धि कार्यनीति, २०७१ ले तोकेको प्रकृया बमोजिमको कागजात संलग्न गरी मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था छ । मन्त्रालयले स्वीकृति दिए पछि जग्गा प्राप्त गर्ने कारर्वाही अगाडि बढाउन सक्ने व्यवस्था गरेको छ । नगरपालिकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ तथा जग्गा प्राप्ति ऐन, २०३४ को दफा ४ को उपदफा (१) (ख) बमोजिम नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्थासित सम्वन्धित परियोजनाको लागि जग्गा प्राप्त गरी दिन सक्ने भन्ने व्यवस्थाको आधार उल्लेख गरी नगरमा त्रिभुवन विश्व बिद्यालयको आंगिक ईन्जिनियङ्ग क्याम्पसको रुपमा खप्तड ईन्जिनियरिङ्ग क्याम्पस स्थापना गर्न २०७८।४।१३ मा १२० देखि १३० रोपनी र वडा न ३ मा स्वास्थ्य चौकीको भवन निर्माणको लागि ८ देखि १० आना जग्गा खरिदको लागि दररेट पेश गर्ने सूचना प्रकाशित गरेको देखिन्छ ।सो अनुसार खप्तड ईन्जिनियरिङ्ग क्यम्पसको लागि प्रति रोपनी रु. ८४९७५।०० दररेट पेश गरी सवै भन्दा घटी दररेट पेश गर्ने वडा न ६ थाप्लागाउँको विभिन्न ५१ जना व्यक्तिसंग १२६ रोपनी ५ आना २ पैसा क्षेत्रफलको जग्गा खप्तड ईन्जिनियङ्ग क्याम्पसकै नाममा स्वामित्व रहने गरी र वडा न ३ का ३ जना व्यक्तिसंग प्र्ति आना रु. २७५०००।०० को दरले ८ आनाको रु. २२ लाख गरी कूल रु. १२९९८८३५।०० मा १३४ रोपनी ५ आना २ पैसा जग्गा खरिद गरेको छ । जग्गा खरिद गर्दा संघिय मामिला मन्त्रालयको स्वीकृति नलिएको र पालिका भित्र सरकारी जग्गा खोजतलास गरी निशुल्क प्राप्त गर्ने प्रयास गरेको देखिएन । साथै प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मुआव्जा निर्धारण गर्नुपर्नेमा गरेको देखिएन । अत उक्त व्यवस्था अनुसार जग्गा खरिद कार्य नियम सम्मत नभएकोले उक्त खर्च रकम नियमित गर्नुपर्ने रु. १२९९८८३५।००</td><td></td></tr>
<tr><td>२४.२</td><td></td><td></td><td>सामान मौज्दात –आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ अनुसार सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले एक आर्थिक वर्षमा खर्च हुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले देहायका फमबाट टेण्डर तथा कोटेशनको आधारबाट रु.१५४९९३१।०० को खरिद गरेका मालसामानहरु आर्थिक वर्षको अन्तसम्म वितरण तथा उपभोग नगरी मौज्दात राखेको पाइएकोले बजेट खर्चको अनुशासन पालना भएको देखिएन । खरिद सामग्री मौज्दात रहनुको कारण उल्लेख गरेको देखिएन ।अत उक्त मालसामनको उपयोग भएको प्रमाण पेश हुनुपर्ने रु. १५४९९३१<br>
<table>
<tr><th>भौ न मिति</th><th>खर्च रकम</th><th>फर्म</th><th>मौज्दात सामान</th></tr>
<tr><td>४१६।०७९।३।१८</td><td>४९५६५१</td><td>बि एस ट्रेर्डस एण्ड सप्लायस(६०८१८४०८५)</td><td>एच डिपी पाइप ५७०० मिटर</td></tr>
<tr><td>१२९।०७८।१०।२१</td><td>२०००००</td><td>भण्डारी इन्टरपाइजेज</td><td>४९०० मिटर पोलिथिन पाइप</td></tr>
</table></td><td>१,५४९,९३१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>(३०१२७९३७६)</td><td></td></tr>
<tr><td>२५।०७९।३।३</td><td>८५४२८०</td><td>इमर्जीङ्ग अल्टरनेटीभ सष्टेनेवल टेक्नोलोजि प्रालि (६०९७३०६७४)</td><td>सुधारीएको चुलो २२५ थान</td></tr>
<tr><td>जम्मा</td><td>१५४९९३१</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>पदाधिकारी सुविधाः<br>नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश सभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ जारी गरेको छ ।उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहायबमोजिम रु.९३,९१,३०३ पदाधिकारी सुविधा वापत भुक्तानी भएको छ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>विविध खर्च</td><td></td></tr>
<tr><td>२६.१</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदनः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक मुल्याँकन गरी नियम १२५(१) वमोजिम प्राविधिक नापजाँच र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न विद्यालयहरुलाई २ कोठे, ४ कोठे भवन, पुस्तकालय तथा विज्ञान प्रयोगशाला, रेक्ट्रोफिटिङ्ग निर्माण कार्य गर्न शिक्षा तथा मानव श्रोत केन्द्रबाट उपलब्ध गराएको ड्इङ्ग डिजाईन र नर्मस् लागतका आधारमा रु.१३६०००००।०० अनुदान उपलब्ध गराएको छ । सम्बन्धित विद्यालयहरुले कार्य सम्पन्न गरी प्राविधिक नापजाँच र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने रु. १३६०००००।००
<table>
<tr><td>क्र.सं.</td><td>विद्यालयको नाम</td><td>कार्यक्रम</td><td>अनुदान रु.</td></tr>
<tr><td>1.</td><td>श्री चौखान माध्यामिक विद्यालय</td><td>४ कोठे भवन</td><td>३६०००००.००</td></tr>
<tr><td>2.</td><td>श्री पञ्च पब्लिक माध्यामिक विद्यायल</td><td>नमुना विद्यालय भवन निर्माण</td><td>१००००००००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३६०००००</td></tr>
</table>
</td><td>१३,६००,०००</td></tr>
<tr><td>२६.२</td><td></td><td></td><td>पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च– पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने र कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग</td><td>७६९,७००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका चालु खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.७६९७००।०० भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>लेखापढी व्यवसायी तिर्थ बहादुर संह</td><td>ईन्जिनियरिङ्ग कलेजको जग्गा खरिदको लिखत</td><td>८६७००</td></tr>
<tr><td>२</td><td>राम प्रवेश फलफुल नर्सरी</td><td>विभिन्न विरुवा खरिद</td><td>४८३०००</td></tr>
<tr><td>३</td><td>उद्योग वाणिज्य संघ डोटी</td><td>शैलेश्वरी खप्थड म्याराथुन प्रतियोगिता संचालन गर्न</td><td>२०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>७६९७००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६.३</td><td></td><td></td><td>डीपीआर तथा प्रारम्भिक वातावरणीय परीक्षण खर्च –बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर र प्रारम्भिक वातावरणीय परीक्षण लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । उक्त आयोजनाहरुको निर्माणको कार्य शुरु भएको पालिकाले जनाएको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
<table>
<tr><th>क्र सं</th><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>खर्च रकम</th><th>आयोजनाको लागत रकम</th></tr>
<tr><td>१</td><td>कृषि बजार निर्माणको डीपिआर</td><td>प्रोसेस ईन्जिनियरीङ्ग प्रा लि</td><td>४९७५२४</td><td>८९९३६४६।</td></tr>
<tr><td>२</td><td>स्वास्थ्य चौकी कलेनाको डीपिबर</td><td>एफ ए टी ईन्जिनियरिङ्ग कन्सल्टेन्सी</td><td>२४४६४५</td><td>१२०८५३९८।</td></tr>
<tr><td>३</td><td>सेती नदी र गोदरे खोलाको प्रारम्भिक वातावरणीय परीक्षण</td><td>लोकल एक्सन फर ग्लोवल हेल्थ एण्ड ईनभाइरोमेन्ट</td><td>४९८८९५</td><td>वार्षिक ७२०७८ घ मि बाट रु ५४०५८२६। भ्याट बाहेक राजश्व आर्जन हुने</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>४</td><td>पुन्ना खेल मैदानको प्रारम्भिक वातावरणीय परीक्षण</td><td>एप्रोच कन्सल्टयन्ट एण्ड कन्टयाटर्स प्रा लि</td><td>१९९७१०</td><td>१२२०७२९१</td></tr>
<tr><td>५</td><td>थला पार्कको दिगो व्यवस्थापनको लागि प्रारम्भिक वातावरणीय परीक्षण</td><td>वेताल ट्रेडिङ्ग</td><td>४९८०७०</td><td></td></tr>
<tr><td>६</td><td>द्वारिखोला देखि तल्लो कलेना ६.५७ किमि सडकको दिगो विकासकोलागि प्रारम्भिक वातावरणीय परीक्षण</td><td>बि एस कन्सल्ट एण्ड कन्स्ट्रक्ट प्रा लि</td><td>४९९४६०</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>२६.४</td><td></td><td></td><td>अन्य निकायको खर्च- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ५० तथा नियमावली,२०७७ को परिच्छेद १३ ले बजेट खर्च गर्दा आफ्नो निकायको कार्यक्षेत्र भन्दा बाहिर अन्य निकायको कार्यक्षेत्रमा खर्च लेख्न नहुने व्यवस्था गरेको छ ।नगरपालिकाले संघीय सरकारको मातहत अन्तगत रहेको भु जलाधार कार्यालयको छतमा ट्रस निर्माणमा रु.३८३९६९।०० को अन्य निकायको खर्च लेखेको छ । नगरपालिकाले खर्च लेख्नु पूर्व उक्त निमार्ण कार्यको लागि सम्वन्धित कार्यालयको बजेट व्यवस्था नभएको र सम्वन्धित कार्यालयले खर्च लेखे नलेखेको सुनिश्चित गरेको देखिएन । नगरपालिकाले उक्त खर्च लेख्नु पूव र लेखे पछि सम्वन्धित कार्यालयहरुको मातहतका विभाग मन्त्रालयलसंग स्वीकृति लिएको तथा जानकारी गराएको देखिएन ।उक्त निर्माण गरीएको पूँजिगत सार्वजनिक साम्पत्तिको लेखाँकन नगरपालिका वा सम्वन्धित कार्यालय कुनैले पनि लेखाङ्कन गरी जिम्मेवारी लिएको देखिएन ।अत उक्त ऐन तथा नियमावलीले गरेको व्यवस्था अनुसार बजेट खर्चको वित्तीय उत्तरदायित्व र जिम्मेवारी एकिन गर्नुपर्ने रु.३८३९६९।००</td><td>३८३,९६९</td></tr>
<tr><td>२६.५</td><td></td><td></td><td>कर्मचारीलाई प्राविधिक भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था छ । नगरपालिकालेले कानून नबनाई नगर कार्यपालिकको २०७७।९।१५ को निर्णयको आधारमा ईन्जिनियर १, सव ईन्जिनियर ६ र असिस्टेन्ट सव ईन्जिनियर ५ जना गरी १२ जनालाई यो बर्ष रु. ९५०४००।०० प्राविधिक भत्ता खर्च लेखेको छ । पालिकाले दिएको जानकारी अनुसार उक्त प्राविधक कर्मचारीहरुलाई फिल्डमा खटिएको दिनको दैनिक भत्ता खर्चको सट्टा नगर सभाबाट निर्णय गरी प्राविधिक भत्ता खर्च लेख्ने गरेको भनाइ रहेको छ । कानून बनाइ खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td>२७९</td><td>२०७९-३-२४</td><td>साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम<br>प्रगति प्रतिवेदन, अनुगमन मूल्यांकन प्रतिवेदन: : यस कार्यक्रम अन्तरगत सुन्तला जातका फलफुलको विकासको लागि कार्यालयले ओखलढुंगा युवा कृषक समूहसंग २०७९।३।१० सम्म कार्य सम्पन्न गर्ने गरी २०७८।१२।१० मा सम्झौता गरी २ वटा नर्सरी स्थापना, कागतीको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>विउ १० केजी निवुवाको बिउ १० केजी सुन्तलाको विउ ५ केजी खरिद, साथै कागतीको विरुवा १००००, निवुवाको विरुवा १०००० र भोगटेको विरुवा २०० र विभिन्न कृषि सामग्रीहरु खरिद बापत रु. १८८५४९९।–को बिल पेश भएकोमा कार्यालयबाट रु. ११२३२५०।– भुक्तानी भएको छ ।उक्त म्यानुअल बमोजिम कार्यालयले कार्यक्रमको अनुगमन मूल्यांकन गरी प्रतिवेदन गर्नुपर्ने तथा प्रगति प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । ।अतः अनुगमन मूल्यांकन गरि पृष्ठपोषण सहितको प्रतिवेदन तयार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>शिक्षा तर्फ( स्थानिय तह)</td><td></td></tr>
<tr><td>२८.१</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति : यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ^! सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">विद्यालयको किसिम</th><th rowspan="2">संख्या</th><th colspan="2">शिक्षक दरबन्दी</th><th colspan="3">पदपूर्ती</th><th rowspan="2">विद्यार्थी संख्या</th></tr>
<tr><th>स्थायी</th><th>राहत</th><th>स्थायी</th><th>करार</th><th>राहत</th></tr>
<tr><td>१</td><td>आधारभुत विद्यालय</td><td>२७</td><td>५९</td><td>२८</td><td>४३</td><td>१४</td><td>२७</td><td>३७१८</td></tr>
<tr><td>२</td><td>माद्यामिक विद्यालय</td><td>९</td><td>७४</td><td>३१</td><td>६१</td><td>१३</td><td>३१</td><td>५८०५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३६</td><td>१३३</td><td>५९</td><td>१०४</td><td>२७</td><td>५८</td><td>९५२३</td></tr>
</table>
प्राप्त बिस्तृत दरवन्दी तथा पदपूर्ति विवरण अनुसार शिक्षक दरबन्दी तथा पदपुर्ति र विद्यार्थी संख्याको विश्लेषण गर्दा ३६ मध्ये ६ वटा विद्यालयमा शुन्य दरबन्दी रहेको तर विद्यार्थी संख्या उल्लेख भएको देखिन्छ । हालको मौजुदा दरबन्दी लाई विश्लेषण गर्दा श्री एक्वाएर आ.वि.मा 178 जना विद्यार्थी भएकोमा १ जना शिक्षक रहेका छन् जुन शिक्षक विद्यार्थी अनुपात १:178 छ अर्थात १ जना शिक्षकले १78 जना विद्यार्थी लाई अध्यापन गर्नुपर्ने देखिन्छ ।त्यस्तै श्री शारदा आ.वि.मा ६७ जना विद्यार्थीको लागि ४ शिक्षक छन् र अनुपात करिब १:१७ छ ।अतः पालिकाले विद्यार्थी अनुसार दरबन्दी मिलान तथा विद्यार्थी संख्या कम देखिएको विद्यालयहरु मर्ज गर्ने तर्फ ध्यान दिनुपर्छ ।</td><td></td></tr>
<tr><td>२८.२</td><td></td><td></td><td>पाठ्यपुस्तक वितरणः कार्यालयले माध्यामिक तहसम्मको शिक्षा निशुल्क गर्ने नेपाल सरकारको निति अनुसार विद्यालयहरुलाई दिएको निकासाबाट खरिद पाठ्यपुस्तक सम्वन्धित विद्यार्थीले प्राप्त गरेको हुनु पर्दछ । पालिका क्षेत्रभित्र पालिकाले पाठ्यपुस्तकको रकम निकासा दिनुपर्ने ३६ विद्यालयहरुका लागि यो वर्ष रु. निकासा खर्च भएको देखियो यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्न छन्<br>(१) कार्यक्रम कार्यान्वयन : कार्यालयले माध्यामिक तहसम्मको शिक्षा निशुल्क गर्ने</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नेपाल सरकारको निति अनुसार विद्यालयहरुलाई दिएको निकासाबाट खरिद पाठ्यपुस्तक सम्वन्धित विद्यार्थीले प्राप्त गरेको हुनु पर्दछ ।शिक्षा तथा मानव श्रोत केन्द्रबाट प्रकाशित आ.व. २०७८।७९को कार्यक्रम कार्यान्वयन पुस्तिकामा कृयाकलाप नं. मा उल्लेखित व्यवस्था कार्यान्वयनमा देहायको अवस्था देखिएकोले सुधार हुनुपर्दछ ।<br>(क) IEMIS मा प्रविष्ट तथ्यांकलाई<br>स्थानिय तह अन्तरगत सन्चालित सामुदायिक विद्यालयहरुमा कक्षा १-१२ कक्षा सम्मका विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या एकिन गर्नुपर्ने उल्लेख भएकोमा त्यस अनुसार अभिलेख अद्यावधिक गराएको देखिएन ।<br>(ख) यकिन संख्याको आधारमा<br>दोश्रो चौमासिकमा विद्यालयलाई अनुदान दिने र यसरी अनुदान दिंदा पहिलो पटक विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई अनुदान दिने र २०७९ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद तथा वितरण गरेको विवरणको आधारमा एकिन गरी नपुग रकम मात्र अनुदान दिने व्यवस्था रहेकोमा त्यस अनुसार हुने गरेको देखिएन ।<br>(ग) विद्यार्थीले शैक्षिक<br>सत्रको सुरुमै पूरा सेटमा पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलव्धताको सुनिश्चितता स्थानिय तहबाट गर्ने व्यवस्था रहेकोमा अनुगमन गर्ने गरेको देखिएन । | |
| २८.३ | १८९ | २०७९ -३-१३ | कार्यालयले आ.व. २०७८।७९ मा शिलवन्दी दरभाउपत्र माग गरी सवभन्दा घटी दरभाउपत्र पेश गर्ने गोदावरी मेडिसिन सप्लायर्सबाट रु. १९३४४८३।– को ३४४८० प्याकेट स्यानिटरी प्याड खरिद गरी भुक्तानी गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्न छन् :<br>(क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम अनुसार मालसामान खरिद गर्दा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ को दफा ३(४) मा स्थानिय तहले आफ्नो क्षेत्र भित्रका सामूदायिक विद्यालयहरुको शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्यांकसंग भिडाइ सोही परिमाणमा स्यानिटरी प्याड खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले लागत अनुमान तयार गर्दा विद्यालय वाइज छात्राको संख्या र सो संख्या बमोजिम खरिद गर्नुपर्ने आवश्यक परिमाणको पहिचान नगरी खरिद गरेको देखियो ।अतः छात्राको संख्या बमोजिम आवश्यक परिमाण पहिचान गरी खरिद गर्नु पर्दछ ।<br>(ख) परिच्छेद ३ को दफा ५ मा विद्यालयले आफ्ना छात्राहको संख्याका आधारमा आवश्यक स्यानिटरी प्याड माग गरी स्थानिय तहमा पठाउनु पर्ने र माग भएको संख्यालाई शिक्षा शाखाले स्थानिय तहमा भएको IEMIS तथ्यांकसंग भिडाई आवश्यक हुने स्यानिटरी प्याड उपलव्ध गराउनु पर्ने तथा प्रत्येक विद्यालयलाई उपलव्ध गराएको स्यानिटरी अभिलेख अलग रुपमा राख्नु पर्ने व्यवस्था छ । तर विद्यालय्हरुले | १,९३४,४८३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्यानिटरी प्याड माग गरी स्थानिय तहमा पठाएको देखिएन । गत वर्षको मौज्दात ३२४५० पाकेट रहेको र गत वर्षको लेखापरीक्षण अवधिसम्म समेत वितरण नभएको भनी गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख भएकोमा र कार्यालयले यस वर्ष खरिद गरेको ३४४८० पाकेट समेत ६६९३० पाकेटको स्टोरबाट ५ प्राइभेट स्कूललाई ३६०० पाकेट वितरण गरी बांकी मौज्दात ६३३३० पाकेटको बिद्यालयलाई उपलव्ध गराएको विवरण तथा वितरणको भरपाई पेश नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.<br>(ग) बार्षिक रुपमा प्रयोगमा ल्याउने गरी शैक्षिक सत्रको शुरुमै खरिद एवं वितरण गर्नुपर्ने उक्त सामग्री आर्थिक वर्षको अन्तमा खरिद गरिएको तथा उक्त सामग्री लेखापरीक्षण समयसम्म पनि वितरण नगर्नुले कार्यक्रमको उदेश्य अनुरुप विद्यार्थीले प्रयोग गर्न नपाउने स्थिति देखियो ।यस्ता सामग्री शैक्षिक सत्रको शुरुमै खरिद गरी वितरण हुनुपर्ने भनी गत बर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत उल्लेख गरेकोमा कार्यालयले सुधार गरेको छैन । अतः यसमा पालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाई यसमा सुधार गर्नुपर्दछ । | |
| २८.४ | | | **निःशुल्क सेनिटरी प्याड वितरणः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ क्रियाकलाप २।७।१३।२३ (१) स्थानीय तहले सामुदायिक विद्यालयमा अध्ययनरत सबै छात्राहरुका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्था गरेकोमा कार्यक्रम कार्यान्वयन पुस्तिका विपरीत पालिकाले निम्नानुसार निजी बोडिङ्ग स्कुललाई सेनिटरी प्याड वितरण गरेकोले अनियमित देखिएको रु. | १७८,७४० |

| विद्यालयको नाम | परिमाण | दर | जम्मा रु |
|---|---|---|---|
| जिनियस इन्टरनेसनल एकेडेमी | ६०० पाकेट | ४९।६५ | २९७९० |
| मोर्निङ लाइट बोर्डिङ स्कुल | ६०० पाकेट | ४९।६५ | २९७९० |
| अमर ज्योति बोर्डिङ स्कुल | ६०० पाकेट | ४९।६५ | २९७९० |
| सुजङ्ग इङलिस बोर्डिङ मोडल स्कुल | १२०० पाकेट | ४९।६५ | ५९५८० |
| श्री खसड इङ्लिस बोर्डिङ स्कुल | ६०० पाकेट | ४९।६५ | २९७९० |
| जम्मा | | | १७८७४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८.५ | | | नगरपालिकाबाट विद्यालयलाई दिएको निकासा बमोजिम खर्च भएको सुनिश्चितताको लागि प्रगति प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन र सामाजिक लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्दछ । सहिद स्मृति माद्यामिक उक्त विद्यालयलाई रु. २१५०००००।– निकासा भएकोमा सोको प्रगति विवरण, लेखापरीक्षण र सामाजिक लेखापरीक्षण प्रतिवेदन पेश गरी तोकिएको कार्यमा खर्च भएको सुनिश्चित हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ७ वडाहरुका २६ योजनामा सडक मर्मत, सिंचाई कुलो, नाली, पदमार्ग, फिल्ड निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २४७ जनालाई औषत ९० दिन रोजगारी उपलब्ध गराई ज्याला रु. १२८१७१५२।- खर्च गरेको छ ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ३० | | | **धान वाली विकास कार्यक्रम** | |
| ३०.१ | २८१ | २०७९-३-२५ | कार्यालयले सूचना माग गरी<br>शैलेश्वरी घरायसी खाद्यान्न समूहलाई २०७९।३।२ मा सम्झौता गरी अनुदानमा धानको बिउ, मल, सिंचाई कुलो मर्मत, विषादि, मिनिटिलर लगायतको सामग्री बापत रु. १५१२५३२।–भुक्तानी गरेको छ ।यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्न छन् : | |
| ३०.२ | | | **कार्यक्रम कार्यन्वयन**: कार्यक्रम सन्चालन प्रक्रिया सम्वन्धि मार्गदर्शनको बुंदा नं. २.१(क) मा उक्त कार्यक्रम सन्चालन गर्नको लागि चाहिने आवश्यक मापदण्डको छनौट गर्न स्थानिय तहले समिति गठन गर्ने व्यवस्था भएकोमा कार्यालयले समिति गठन गरेको देखिएन । मार्गदर्शनको बुंदा (छ) मा स्थानिय तहले आवेदनको सूचना माग गरी यस कार्यक्रम अन्तरगतको कृयाकलापमा सहभागी हुने कृषकहरुको विवरण सहित डिजिटल दर्ता गर्नुपर्ने व्यवस्था रहेकोमा सो गरेको देखिएन । | |
| ३०.३ | | | कार्यालयले अनुदानबाट भए गरेका कामको मुल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गर्नु पर्नेमा नगरेको र स्थानीय तहबाट वितरण<br>हुने अनुदान प्राप्त गर्ने कृषकको नामनामेसि सहितको अभिलेख अध्याविधक गरी राखे नराखेको, अभिलेख राखु पर्नेमा सो नराखेकोले<br>, अभिलेख नराखि पटक पटक एकै फर्म तथा व्यक्तीलाई अनुदान उपब्ध गराए नगराएको सम्वन्धमा एकिन गर्न सकिएन ।<br>अत : कार्यालयले अनुदान वितरण रकमको समिक्षा गरी अनुदान प्राप्त गर्ने कृषकको नामनामेसि सहितको अभिलेख अध्याविधक गरि अभिलेख राखु पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.४ | | | **प्रगति प्रतिवेदन, अनुगमन मूल्यांकन प्रतिवेदन**: मार्गदर्शनको बुंदा नं.५ बमोजिम कार्यालयले कार्यक्रमको अनुगमन मूल्यांकन गरी प्रतिवेदन गर्नुपर्ने तथा प्रगति प्रतिवेदन गर्नुपर्नेमा गरेको देखिएन । | |
| ३०.५ | | | **कार्यसम्पन्न प्रतिवेदन**: उक्त कार्यक्रमको कार्यसम्पन्न तयार गरेको देखिएन । अतः कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ३१ | | | **स्थानिय तह स्वास्थ्य (शसर्त चालु तर्फ)** | |
| ३१.१ | | | **तलबी प्रतिवेदन** : निजामति ऐन, २०४९ को दफा ७ ख(२) मा मन्त्रालय, विभाग, आयोग र सचिवालय तथा उपत्याका भित्र रहेका कार्यालयका निजामति कर्मचारीको हकमा निजामति किताब खाना र जिल्लास्थित कार्यालयका निजामति कर्मचारीहरुको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराई खर्च गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले स्वास्थ्य अन्तर्गतका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगराई तलबमा रु. ११६७६१५५।७० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगराएकोले कर्मचारीहरुको ग्रेड रकम एकिन गर्न सकिएन ।अतः तलवी प्रतिवेदन पारीत गराएर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| ३१.२ | | | **औषधी खरिद**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । कार्यालयले विभिन्न समयमा कोटेशन माग गरी रु. १४९५१५१ ।- का औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धमा आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, स्टोर दाखिला हुनअघि औषधिको समाप्ति मिति उल्लेख गरी सम्वन्धित विषय विज्ञबाट स्पेशिफिकेसन अनुसार परिक्षण गरी जिन्सी दाखिला गर्ने नगरेको, औषधिको लेवलमा निशुल्क बिक्री भनी नखुलाएको, आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए, नभएको नखुलाएको औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको छुट्टिने गरी आम्दानी बांध्ने नगरेको देखियो । अतः तोकीएको गुणस्तरको औषधी प्राप्त भए नभएको एकिन गरी आम्दानी खर्च र बांकीको विवरण देखिने गरी अद्यावधिक हुने गरी अभिलेख राख्ने र आर्थिक वर्षको अन्त्यमा बांकी रहेका औषधीहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३२ | | | **सोझै खरिदः**<br>सार्वजनिक खरि दऐन, २०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी सोझै खरिद गर्न नहुने व्यवस्था छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४(१) मा रु.५लाख देखि २०लाखसम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने र सोही नियमावलीको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नियम ३१(१) मा रु.२०लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुलाबोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था रहेकोछ। बर्ष भरी आवश्यक पर्ने यस्ता सामानको खरिद प्याकेज बनाई आवश्यक परेको बखत आपूर्ति गर्नेगरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्नेमा सोझै खरिदगर्नु नियमसम्मत देखिएन।
<table>
<tr><td>भौ।नं।मिति</td><td>खरिद विवरण</td><td>भुक्तानी पाउने</td><td>रकम</td></tr>
<tr><td>३४६।२०७८।१०।२१</td><td>कम्बल खरिद</td><td>अंकित ट्रेडर्स</td><td>४,८५,९००</td></tr>
<tr><td>५८५।२०७८।१२।२५</td><td>हिंउदे कम्बल र कपडा झोला खरिद</td><td>अंकित ट्रेडर्स</td><td>३,७०,३११</td></tr>
<tr><td>५७५।२०७८।१२।१६</td><td>न्यानो कपडा तथा कम्बल खरिद</td><td>अंकित ट्रेडर्स</td><td>४,९७,२००</td></tr>
<tr><td>३७८।२०७८।११।०५</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>हिरा ट्रेडर्स एण्ड जनरल अर्डर सप्लायर्स</td><td>४,८४,४३१</td></tr>
<tr><td>७४७।२०७९।०३।०९</td><td>मसलन्द तथा कार्यालय सामाग्री</td><td>हिरा ट्रेडर्स एण्ड जनरल सप्लायर्स</td><td>१,५४,६९७</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१९९२५३९</td></tr>
</table></td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>नियमसंगत नदेखिएकोः<br>भौ।नं।२१० मिति २०७८।०९।१३ मा सगरमाथा हेल्थ फाउण्डेसन तथा हेल्थ केयर नेपालको संयुक्त आयोजनामा कार्तिक २८ देखि मंसिर १ सम्मको निःशुल्क दन्त शिविर कार्यक्रममा सहजकर्ता डोटेली समाज काठमाडौं र दिपायल सिलगढी नगरपालिका भनी कार्यक्रम संचालन गरेको देखिन्छ। तर उक्त कार्यक्रमको प्रस्तावना, नगरपालिका र आयोजक संस्थाबीचको लागत सहभागिता, के- कति रहने, बिना कुनै सम्झौता, उक्त कार्यक्रमबाट लाभान्वित जनसंख्या कति, शिविर सम्पन्न प्रतिवेदन लगायतका कागजात बिना पालिकाले विविध खर्च वापत शैलेश्वरी रेष्टुरेन्टलाई रु. १६७,९०० भुक्तानी गरेको देखिन्छ। यसरी यथेष्ठ प्रमाण बिना शैलेश्वरी रेष्टुरेन्टलाई भुक्तानी गरेको रकम नियमसंगत नदेखिएको रु.</td><td>१६७,९००</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>अनुगमन प्रतिवेदनः<br>अनुगमन प्रतिवेदनः विशेष अनुदान सम्बन्धि कार्यविधि २०७५ को बुँदा नं ११ मा विशेष अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नुपर्ने र सोको अनुगमन प्रतिवेदनमा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाबाट प्रदेश विशेष अनुदान अन्तर्गत संचालित निम्नानुसारका योजनाहरुको कार्यविधिमा भएको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन। कार्यविधिको पालना गर्नुपर्दछ ।<br><br>क्र।सं। \| \| योजनाको नाम \| विनियोजित बजेट \| खर्च रु<br>१ \| संघ विशेष अनुदान \| कलेना स्वास्थ्य चौकी निर्माण \| १४१००००० \| ५२६२८६२<br>२ \| सुदुरपश्चिम प्रदेश विशेष अनुदान \| सर्पदंश केन्द्र निर्माण वडा नं २ \| २५००००० \| २१५३९५१<br>३ \| सुदुरपश्चिम प्रदेश विशेष अनुदान \| स्वास्थ्य चौकी तथा बर्थिङ सेन्टर निर्माण वडा नं ३ \| २५००००० \| १२५९२३३ | |
| ३५ | | | **भ्रमण खर्चः**<br>सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधासम्बन्धी ऐन २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्<br>अधिकाशं भ्रमणको उद्धेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकीकृत विवरण प्राप्त हुन नसकेको ।<br>भ्रमण पश्चात तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>· स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्धेश्य बेगर अधिकाशं ७ दिनको समयावधि राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न कार्यालयको जिम्मेवार व्यक्तिको ध्यानाकर्षण हुनुपर्दछ। | |
| ३६ | | | **दाखिला प्रमाण पेश गर्नुपर्नेः**<br>आयकर ऐन २०५८ अनुसार भुक्तानी गर्दा ऐनको दफा ८७,८८,८८ क र ८९ बमोजिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। भौ।नं। २५६ बाट मिति २०७८।०९।२१ मा पालिकाका प्राविधिक कर्मचारीहरुलाई फिल्ड भत्ता रु ४७०४०० को भुक्तानिमा १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टी गरेको रकम दाखिला गरेको नदेखिएकोले दाखिला प्रमाण पेश गर्नुपर्ने रु | ४,७०४ |
| ३७ | | | **कृषि तथा पशु तर्फ अनुदानः**<br>सरकारी अनुदान रकम वितरण,सहयोग सही एवम समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवम् अनुमोदन हुनु पर्दछ र सो को प्रभावकारी मापन गर्ने संयन्त्र विकास गरी उत्पादन एवम उत्पादकत्व वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन तयार गर्नुका साथै अनुदान | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नु पर्दछ ।यस वर्ष पालिका को समानीकरण चालु शिर्षकबाट संचालित व्यक्तिगत समुहगत अनुदानका मुख्य कार्यक्रमहरु देहाय वमोजिम छन्ः<br><table>
<tr><td>गो.भौ.नं।मिति</td><td>विवरण</td><td>अनुदान खर्च रकम</td></tr>
<tr><td>७१७।२०७९।०३।०२</td><td>मष्टामसानी कृषि तथा पशुपंछी विकास फर्मलाई अनुदान</td><td>१००,०००</td></tr>
<tr><td>७२९।२०७९।०३।०३</td><td>बंगुरपालन तथा खोर सुधार कार्यक्रमका लागि विभिन्न कृषकहरुलाई अनुदान</td><td>१५०,०००</td></tr>
<tr><td>७३०।२०७९।०३।०३</td><td>धौलीको बंगुर पालन कृषक फर्मलाई अनुदान</td><td>१००,०००</td></tr>
</table>
यसबाट देखिएको व्यहोराहरु यसप्रकार छन्ः (क) अनुदानको सहि सदुपयोग भए नभएको सम्वन्धमा स्थानीय तहवाट अनुगमन भएतापनि अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । संचालित कार्यक्रमको कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवद्धन केन्द्र,कृषि विभाग तथा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयवाट समेत अनुगमन तथा मुल्याङकन कार्य हुने उल्लेख भएकोमा अनुगमन तथा मुल्याङकन भएको पाइएन ।अनुदानवाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नहुने हुँदा ठुला अनुदानका कार्यक्रम संचालन संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित गरी कृर्षि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो( संघ,प्रदेश, स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्दछ।<br>( ख) कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि बीमा तथा पशु बीमामा अनुदानको कार्यक्रम संचालन गर्दै आएको छ । पालिकाले कृषि क्षेत्र तथा पशुक्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य बीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा बीमा गराउने तर्फ पालिकाले ध्यान नदिई अनुदानका कार्यक्रम मात्र संचालन गरेको देखियो ।एक सरकारले ल्याएका नीतिलाई अर्को सरकारले सहयोग गर्नेगरी कार्यक्रम संचालन गर्नु पर्दछ।</td><td></td></tr>
